ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 2 Issue: 1 Year: 2023
************************************

# कविता शिक्षण सन्दर्भ

इन्द्रबहादुर भण्डारी PhD[1]

# Context of Poetry Teaching

Indra Bahadur Bhandari, PhD

[1]Teaching Assistant, Department of Education (Nepali), Tribhuvan University, Mahendra Multiple Campus, Nepalgunj
[1]Corresponding Author: indrani40bhandari@gmail.com
Article History: Received: Nov. 23, 2022 Revised: Jan. 5, 2023 Received: Jan 21, 2023

**अध्ययन सार**

कविता साहित्यका विविध विधाहरु मध्ये सबैभन्दा प्रभावकारी र धेरै लेखिने विधा हो । यसको स्वरुप हेर्दा सानो रचनादेखि वृहत् रचनासम्म अटाएको छ । भाव र लयको उचित संयोजनबाट कविता सिर्जना हुन्छ । यसमा कल्पना, बौद्धिकताको मिश्रण रहेको हुन्छ । कवितालाई गद्य र पद्य दुबै शैलीमा लेखिएको हुन्छ । कवितामा भाषाको विशिष्ट रुपको प्रयोग भएको हुन्छ । भाषाको विशिष्ट रुपलाई सिकाउन कविता विधालाई अति उपयुक्त सामग्रीका रुपमा लिने गरिन्छ । विभिन्न तहका विद्यार्थीहरुलाई भाषाको विशिष्ट रुपलाई सिकाउन कविता शिक्षण गर्दै आइएको छ । कविता शिक्षण गर्दा मूलतः गति, यति र लय मिलाई सस्वर पठनको अभ्यास गराउने, शब्दोच्चारण, वाक्यगठन, शब्दभण्डार क्षमताको वृद्धि, रचना कौशलको विकास, विशिष्ट पंक्तिको व्याख्या, भावार्थ बताउन सक्ने क्षमताको विकास, भाषिक सीपको विकास कल्पना शक्तिको विकास गराउने उद्देश्य राखेर कविता शिक्षण गरान्छ । विद्यालयतहमा कार्यकलापलाई जोड दिएर शिक्षण गर्नु उपयुक्त हुन्छ । विद्यार्थीलाई पाठ्य विषयवस्तुतर्फ आकर्षित गर्ने क्रियाकलाप पहिले गर्नुपर्छ । त्यसपछि शब्दार्थ सम्बन्धी कठिनाई निवारण गरी लयबोध गराउनु पर्दछ । लयबोध गराउँदा पहिले शिक्षक वा जान्ने विद्यार्थीद्वारा आर्दशवाचन गराउने त्यसपछि समूहवाचन र एकल वाचनसमेत गर्न लगाउनु पर्छ । लयबोध पश्चात् विद्यार्थीहरूलाई बोध प्रश्नोत्तर गराइसके पछि कविताको भावबोधतर्फ उत्प्रेरित गर्नुपर्दछ । सम्भव भएसम्म चित्र, तस्वीर आदिको समेत प्रदर्शन गर्नुपर्दछ । पटक पटक व्याख्या समेत गरी कविताको भाव स्पष्ट पारिदिनु पर्छ । कविताको भाव आफै ठम्याउने वातावरणको सिर्जना गर्नुपर्छ । भाव स्पष्ट पार्ने खालका प्रश्नहरू दिई लेख्न समेत लगाउनु पर्छ । भावबोध गराइसके पछि सारांश कथन गराउने तथा कविताको सारांश लेखाउने क्रियाकलाप गराउनु पर्छ । यी क्रियाकलाप गराउँदा विद्यार्थीले मुख्य अंश छोडेमा शिक्षकले सचेत गराइदिनु पर्छ । भाषाको विशिष्ट रुपको शिक्षणका लागि कविता विधा अतिनै उपयोगी विधा हो । हुनत सामान्य पाठकले पनि कविताको रसास्वादन गरेको हुन्छ तर कविता विधाशिक्षण गर्दा भाषिक सिपको सिकाईलाई प्राथमिकता दिइएको हुन्छ ।

*शब्द कुञ्जिका* : उत्प्रेरित, रचनाकौशल, मिश्रण, शिक्षण, विशिष्ट, वाक्यगठन, सामग्रीका, भाषिक सीप, भाव

## Abstract

Poetry is one of the most effective and widely written genres of literature. Looking at its form, it ranges from small compositions to large discourses. Poetry is created by the proper combination of sense and rhyme. It has a mixture of imagination and intelligence. The poem is written in both verse and prose styles. A specific form of language is used in poetry. Teaching the specific form of language poetry is considered as the most appropriate material to teach students of different levels the specific form of language. In poetry teaching, poetry teaching moves with the aim of improving pace, rhythm and rhythm, practicing reciting pronunciation, sentence structure, increasing vocabulary ability, developing compositional skills, develops the ability to express the

meaning of specific characters, developing linguistic skills, and developing imagination. It is appropriate to do. Activities that attract students to the subject matter should be done first. After that, the difficulty related to semantics should be solved and knowledge on rhyming and poetic structure should be made. When teaching rhyming, first the teacher or the student should make ideal recitation, then group recitation and solo recitation should be done. After understanding the theme, the students should be encouraged to understand the poem after the question and answer session. As far as possible, pictures should also be displayed. The sense of intent should be made clear by repeatedly checking. An atmosphere should be created to determine the meaning of the poem itself. You should also make them write by giving questions that make the feeling clear. While doing these activities, students should be alerted if they leave the main part. Poetry is a very useful form of language teaching. Maybe the common reader has also enjoyed poetry, but learning linguistic skills is given priority while studying poetry.

*Keywords*: inspired, composition skill, mixture, teaching, specific sentence formation, linguistics skill, theme

**विषय परिचय**

साहित्यका विविध विधाहरू मध्ये कविता विधालाई पनि एउटा सशक्त र सम्पन्न विधाका रूपमा लिइन्छ । कविता विधा प्राचीन समयदेखि नै लोकप्रिय र समृद्ध विधाका रुपमा स्थापित भएको छ । कविता शिक्षण कार्य पहिलेदेखि नै चल्दै आएपनि त्यस शिक्षण कार्यको उद्देश्य भाषा शिक्षण नभएर ज्ञानका लागि र चरित्र निर्माण लागि कविता शिक्षण गर्ने परिपाटी थियो तर आधुनिक कालमा भाषिक सिपको विकासका लागि कवितालाई शैक्षिक सामग्रीका रुपमा प्रयोग हुन थालेपछि कविता शिक्षाणका विभिन्न पद्यतिहरुको खोजी हुन थालेको छ । हाल भाषा शिक्षणका लागि कविता विधा अत्यन्तै उपयोगी सामग्री मानिन्छ । भाषाको सामान्य प्रयोग देखि लिएर विशिष्ट प्रयोगका लागि कविता शिक्षण अत्यन्तै उपयोगी मानिन्छ ।

आज नेपाली भाषाको प्रयोग क्षेत्र निकै व्यापक भइसकेको छ । नेपाली भाषाको प्रयोग क्षेत्रमा सबभन्दा विकसित क्षेत्र साहित्यको भएकोले हामी सर्वसाधारण र शिक्षितहरुमा यसको कुरा गर्दा विशेष गरेर साहित्यिक क्षेत्रमा केन्द्रित हुने प्रवृत्ति रहेको पाईन्छ । आज यो भाषा देशको आधुनिकीकरणका विविभ पक्ष (व्यवसाय, शिक्षा, राजनीति, अर्थतन्त्र, कानुन, विज्ञान, सञ्चार आदि) मा देखा परेका प्रौढता र जटिलताहरुलाई पनि आफ्ना अभिव्यक्ति भित्र समेट्नतिर अग्रसर भएको छ । 'वास्तवमा भाषा स्वयम् विभिन्न विषय क्षेत्रका ज्ञान र अनुभवहरुको माध्यम भएकाले कुनै खास क्षेत्र वा विषयसँग मात्र यसको सम्बन्ध हुँदैन । ज्ञान विज्ञानका सम्पूर्ण विषयहरुको बोध र अभिव्यक्तिको प्रभावशाली साधन भाषा नै भएकाले सबै विषयहरुको माध्यम यही हुन आउँछ (अधिकारी, २०६९: १)।' अहिले नेपाली भाषा साहित्यिक प्रयोगको विषय मात्र नभएर ज्ञान विज्ञान तथा प्राविधिक विभिन्न क्षेत्रमा पनि दिन प्रतिदिन बढी रहेको छ

लोक जीवनमा प्रचलनमा रहेका लोकगीतबाट लेख्य कविताको विकास भएको हो भन्ने मान्यता रहेको छ । लेख्य कविताको थालनी हुनुभन्दा अगाडि यसको सम्बन्ध लोकजीवनका लोकगीतसँग भएको विश्वास गरिन्छ । कविताले मानवीय मनमा रहेका उच्तम भावहरुलाई लयात्मक र कलात्मक रुपले व्यक्त गरेको हुन्छ । 'महाकवि देबकोटाले कवितालाई चराको जस्तै मीठो बोली भनेर चिनाएका छन् भने कवि बालकृष्ण समले भावनाको कोमल र वौद्धिक अभिव्यक्ति भनेर चिनाएका छन् । लय र भावको उचित संयोजनबाट कविता विधाको जन्म हुने भएकोले यसमा कल्पना, भाव, बौद्धिकताको पनि बेजोड मिश्रण रहेको हुन्छ,(उपाध्याय २०५५:३)।' कविता मानव जीवन भोगाइका विविध अनुभूतिहरूलाई लयात्मक पारामा सूत्रबद्ध गरी सिर्जना गरिएको हुन्छ । कविताले मानवलाई आनन्दानुभूति मात्र नदिएर असल भावनाको विकास, बौद्धिक परिष्कार, नवीन चिन्तनको विकास तथा वैचारिक परिवर्तनमा जोड दिँदै आदर्श चरित्र निर्माणमा सहयोग पुऱ्याउँछ ।

विगतमा कविता पद्यमा मात्रै रचना गरिए पनि आधुनिक कालमा कविता गद्य लयमा पनि रचना गर्न थालिएको हो । गद्य कविता शास्त्रीय नियमबाट मुक्त रही स्वतन्त्ररूपले रचना गरिएको हुन्छ । यस्ता गद्य कवितामा स्वच्छन्दता तथा आन्तरिक लयात्मकता रहेको हुन्छ । तर पद्य कविता विभिन्न शास्त्रीय नियमको परिधिभित्र रहेर लय र भावको बेजोड मिश्रणका साथ रचना गरिएको हुनाले यस्तो शैलीमा रचना गरिएका कविताहरूलाई पद्य कविता भनिन्छ । यस्ता कवितामा कविले स्वतन्त्र रूपमा आफ्ना भावहरूलाई कवितामा सूत्रबद्ध गर्न सक्दैन । ऊ कठोर शास्त्रीय नियमलाई अनुसरण गर्दै आफ्ना भावहरू

कवितामा पोख्दछ । शास्त्रीय नियम र अनुशासनको पूर्ण पालनाका साथ लेखिएका यस्ता कवितामा लयात्मकता पाइन्छ । पद्यकवितालाई छन्दोबद्ध कविता र गद्य कवितालाई मुक्त छन्द कविता पनि भन्ने गरिन्छ । हिजोआज गद्य कविता लेखनको प्रचलन बढी मात्रामा चलेको देखिन्छ भने पद्य शैलीमा शास्त्रिय नियमको पालना गरेर कविता लेख्ने परिपाटी बिलाउँदै जान थालेको छ ।

**मुख्य उद्देश्य :** कविता विधाशिक्षणको पुर्नव्याख्या गरी विधाशिक्षणमा सहजताको खोजी गर्नु ।
**अध्ययन विधि :** द्वितीय श्रोतका सामग्रीलाई सैद्धान्तिक विधिको प्रयोग गरी अध्ययन गरिएको ।
**उपलब्धी :** कविता शिक्षणमा विद्यालय ततहदेखि उच्चतहसम्म उपयोगी सामग्री बन्न सक्ने ।

## कविता शिक्षणको प्रयोजन

भाषा शिक्षण भनेको भाषिक सीपहरूको शिक्षण हो । लेखेर वा बोलेर अभिव्यक्ति गरिने बिचार विनिमयको महत्त्वपूर्ण साधन भाषा हो । अर्को अर्थमा भन्ने हो भने भाषिक ज्ञान प्राप्तिको लागि प्रयोग गरिने महत्त्वपूर्ण औजार पनि हो । 'कविताले बाल बालिकाको भावनालाई परिष्कार गर्छ र उनीहरुलाई यसतिर लाग्न प्रेरित गर्छ । फेरि विभिन्न प्रकारका उदात्त भावनाको प्रत्यारोपण गरेर उनीहरुको चरित्रमा भावनालाई समन्वित गर्न पनि कविता आवश्यक हुन्छ (शर्मा र पौडेल २०६७:२५५)।' विद्यालय र क्याम्पस तहमा नेपाली शिक्षण गर्नुको उद्देश्य विद्यार्थीहरूलाई भाषिक दक्षता बढाउनु हो । भाषिक सीप विकासका लागि विधा शिक्षण भाषातत्त्व र शब्दभण्डार आदिको साहारा लिन सकिन्छ । कविता विधा भाषिक सीप बढाउनका लागि पाठ्यपुस्तकमा समेटिएको एक महत्त्वपूर्ण विधा हो । निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रममा कविता शिक्षणका माध्यमबाट पढाइ सीपको विकास गर्ने प्रमुख लक्ष्य राखिएको पाइन्छ । यस पछि, बोलाइ सुनाइ सीपहरूलाई प्राथमिकता क्रममा राखिएको पाइन्छ । यसबाट पनि के भन्न सकिन्छ भने निम्न माध्यामिक तहमा शिक्षणको उद्देश्य विद्यार्थीहरूमा भाषिक सीपहरूको अभिवृद्धि गर्नु नै हो ।

कविता शिक्षणको खास उद्देश्य भनेको भाषाको विशिष्ट रुपसँग परिचित गराई त्यसको प्रयोगलाई जोड दिन सिकाउनु वा उत्प्रेरित गर्ने मुख्य उद्देश्य हो भने विद्यार्थीहरूलाई गति, यति मिलाएर पाठ गर्न सिकाउनु र कविताको भावसँग परिचित हुने सीपको विकास गराउनु हो । यसका अतिरिक्त कविता शिक्षणका माध्यमबाट विद्यार्थीहरूमा सुनाइ, बोलाइ, पढाइ लेखाइ जस्ता भाषिक सीपहरूको विकास गरी बोध र अभिव्यक्ति क्षमताको अभिवृद्धि गर्नु पनि यसको अर्को महत्त्वपूर्ण प्रयोजन हो । विविध शैली र प्रकारका कविताबाट आस्वादन लिन काव्यात्मक भाषा बुझ्न, थोरैमा धेरै भन्ने क्षमता वृद्धि गर्न, भाषिक सामग्रीका रुपमा कविता विधा राखिएको हो । यसबाट गति, यति र लय मिलाई सस्वर पठनको अभ्यास गराउन सकिन्छ । यसो गर्नाले विद्यार्थीहरूमा शब्दभण्डारको वृद्धि, उच्चारणमा सुधार र रचना कौशलको विकास हुन्छ ।
तहअनुसार कविता शिक्षणका प्रायोजनहरु रहे तापनि मोटामोटी रुपमा कविता शिक्षणका प्रयोजनहरुलाई निम्नानुसार चर्चा गर्न सकिन्छ ।

गति, यति र लय मिलाई सस्वर वाचन गर्ने क्षमताको विकास गर्न ।
शुद्ध उच्चारण गर्ने क्षमता अभिवृद्धि गर्न ।
कविताका विशिष्ट पंक्तिलाई व्याख्या गर्ने क्षमताको विकास गर्न ।
बोध क्षमताको विकास गर्न ।
अभिव्यक्ति क्षमताको विकास गरी भावार्थ बताउन सक्ने तुल्याउनु ।
शब्दभण्डारको वृद्धि तथा शब्द प्रयोग र वाक्य रचनामा दक्षता बढाउन ।
भाषिक सीपहरूको विकास र अभिव्यक्ति क्षमता बढाउन ।
पद्य भाषालाई गद्यमा रूपान्तरण गर्नुका साथै सारांश कथन र लेखन क्षमताको विकास गर्न
अभिव्यक्तिको माथिल्लो सिप विश्लेषणात्मक क्षमताको विकास गर्न ।
विशिष्ट भाषा बोध गर्ने क्षमता बढाउन ।
विविध शैलीयुक्त भाषा प्रयोग र पहिचान गर्ने क्षमता बढाउन ।
सिर्जनात्मक क्षमता र कल्पना शैलीको विकास गराउन ।

## कविता शिक्षण विधि

कविता शिक्षण अन्य विधाका तुलनामा चुनौतीपूर्ण कार्य हो । कविता शिक्षण गर्न त्यति सहज छैन । कविता पढ्न पनि छुट्टै अभ्यास गर्नु जरुरी हुन्छ भने शिक्षण गर्न र निकै अभ्यासको आवश्यक पर्छ । यसमा पाठकले सौन्दर्यानुभूतिको माध्यमबाट भावनाको परिष्कार गर्न सकोस् भन्ने अपेक्षा हुन्छ । 'कविता अध्ययन गरेर शाश्वत आनन्द प्राप्त भएन भने त्यस्तो अध्ययन अपूर्ण नै मान्नु पर्छ । त्यसैले कविता शिक्षण विधिको अहम् भूमिका हुन्छ (शर्मा र पौडेल, २०६७: २५५)।' कविता शिक्षण अन्य विधाका तुलनामा जटिल शिक्षण हो । कविता शिक्षणका लागि विविध विधिहरू भएता पनि सामान्यतया निम्न माध्यामिक तहसम्ममा कविता शिक्षण गर्नका लागि विधिहरूलाई नै जोड दिनु त्यति औचित्य पूर्ण देखिँदैन । यस तहमा विधिभन्दा पनि क्रियाकलापलाई जोड दिँदै शिक्षण कार्यकलाप गराउनु उपयुक्त मानिन्छ । माथिल्ला तहका कक्षाहरूमा कविता शिक्षणकार्य सम्पन्न गर्दा भने कविताको प्रकृति हेरेर विधिलाई जोड दिँदै शिक्षण कार्यकलाप गराउनु उपयुक्त मानिन्छ । विधि र क्रियाकलाप भनेका एक अर्कासँग अन्तरसम्बन्धित कुरा हुन् । त्यसैले क्रियाकलाप मुखी शिक्षण गर्दा स्वतः विधिको प्रयोग भएको हुन्छ । कविता शिक्षणका लागि गीत तथा अभिनय विधि, अर्थबोध विधि, व्याख्यान विधि, खण्डान्वय विधि, व्यास विधि, तुलना विधि र समीक्षा विधि प्रचलितमा रहेका छन् । यी विधिहरूको प्रयोग तहअनुसार भएको पाइन्छ ।

कविता शिक्षणका विभिन्न विधिहरु छन् । 'खासगरी कक्षाको स्तर हेरी उपयुक्त विधिको छनोट गनु पर्छ । कहिले काँही एकभन्दा  बढी विधिको संलग्नता समेत आवश्यक हुन्छ । (शर्मा र पौडेल, २०६७: २५५)।' गीत तथा अभिनय विधि साना कक्षाका कविता शिक्षणका लागि उपयोगी हुने विधि हो । विद्यार्थी केन्द्रित यस विधिबाट शिक्षण गर्दा विद्यार्थीहरूमा गति, यति मिलाई कविता वाचन गर्ने क्षमताको विकास हुनाको साथै उनीहरू कविताप्रति आकर्षित हुन पुग्दछन् । यस विधिको माध्यमबाट पर्याप्त मनोरञ्जन पनि प्रांप्त हुन्छ । शिक्षकले प्रत्येक पंक्ति वाचन गरी त्यसको अर्थ बताइदिने शिक्षण विधिलाई अर्थबोध विधि भनिन्छ । यो विधि शिक्षक केन्द्रित मनोविज्ञानबाट दूर र विद्यार्थीलाई निष्क्रिय राख्ने विधि भएकाले कविता शिक्षणका लागि त्यति उपयुक्त विधि मान्न सकिन्न । खण्डान्वय विधिमा प्रशस्त प्रश्नोत्तरको प्रयोग गरिने भएकाले यस विधिलाई माध्यमिक तहसम्मका कक्षामा उपयुक्त विधिका रूपमा लिइएको पाइन्छ । व्याख्या विधिमा हरेक पंक्ति तथा अंशको अर्थबोध गराउनुका साथै प्रासङ्गिक व्याख्या समेत गरिन्छ । यो विधि उच्च तहका कक्षाहरूमा कविता शिक्षणका लागि उपयोगी हुने भए पनि विद्यालय तहका माथिल्ला कक्षाहरूमा समेत यो विधिले घर जमाएको पाइन्छ ।

व्यास विधि, तुलना विधि, समीक्षा विधिहरूको प्रयोग उच्च तहका कक्षाहरूमा कविता शिक्षण गर्नका लागि प्रयोग गर्ने गरिन्छ । यी विधिहरूवाट भाषिक सीप विकासको तुलनामा साहित्यिक पक्षमा जोड दिई शिक्षण गरिन्छ । व्याख्या विधिकै वृहत् रूप मानिने व्यासविधिमा कविताको व्यापक व्याख्या गरिनुको साथै कवितासँग अर्न्तरसम्बन्धित अन्तरकथाहरूको समेत चर्चा गरिन्छ । तुलना विधिमा पाठ्य कवितालाई विभिन्न समभाषी कविता र कविहरूका बीच तुलना गर्दै शिक्षणकार्य सम्पन्न गरिन्छ । प्रश्नोत्तर  र समीक्षाका आधारमा पाठ्य कवितालाई समीक्षा गरेर गरिने शिक्षण विधि समीक्षा विधि हो । कविताका विभिन्न तत्त्वहरूको  शिक्षण गर्न यो विधि उपयोगी हुन्छ । यस विधिमा समालोचनात्मक ढङ्गले कविताको विवेचना गरिने भएकोले उच्च तहका कविता शिक्षणका लागि यो विधि उपयोगी देखिएको हो ।

कविता शिक्षणका लागि माथि उल्लेख गरिएका विधिहरूको प्रचलन रहेको पाइन्छ । यी बाहेक कुराकानी तथा छलफल विधि, मौन पठन विधि, सस्वर पठन  विधि, खेल विधि आदि विधिहरूलाई पनि तहअनुसार प्रयोगमा ल्यानउ सकिन्छ । माध्यामिक तहसम्मका विद्यार्थीरूमा कविता शिक्षण गर्दा शिक्षकहरूले शिक्षण विधिमा भन्दा शिक्षण कार्यकलापमा जोड दिनु उपयुक्त हुन्छ ।

### कविता शिक्षण कार्यकलाप

शिक्षण कार्य शिक्षकको सिर्जनात्मक सिपसँग पनि सम्बन्धित हुन्छ । शिक्षक आफैंमा पनि सिर्जनात्मक हुनुपर्छ । कक्षाकोठमा कविता शिक्षणका लागि कक्षा कार्यकलाप अति नै आवश्यक कुरा हो । शिक्षकहरूले कक्षामा कविता शिक्षण गर्दा शिक्षण कार्यकलापमा विशेष जोड दिनुपर्छ । शिक्षकहरूले जुनसुकै विधि अपनाए तापनि उनीहरूले कविता शिक्षण गर्दा यसको सही शिक्षण कार्यकलापलाई अँगाली शिक्षण गर्नु आवश्यक हुन्छ । शिक्षकले आफ्नो पूर्वज्ञान, अनुभव र उद्देश्यअनुसार आ-आफ्नै किसिमले शिक्षण गरे पनि सामान्यतया निम्नलिखित क्रियाकलाप गराएमा विभिन्न तहमा कविता शिक्षण कार्य सरल हुने देखिन्छ ।

### रचना पृष्ठभूमिको जानकारी

सर्वप्रथम पाठ्य कविताको बारेमा केही कुरा बताएर पाठ्य कविताको बारेमा जानकारी दिन सकिन्छ । कविताको परिचय दिँदा पाठ्य कविताका कविको बारेमा सामान्य छोटो जानकारी दिएर कविता शिक्षण गर्नु राम्रो मानिन्छ । प्रस्तावनाको मूल तात्पर्य विद्यार्थीलाई पाठ्यवस्तुतिर आकार्षित गर्नु मात्र भएकाले प्रारम्भमै गहन शास्त्रार्थलाई पश्रय दिनु सर्वथा उपयुक्त हुँदैन । अर्थात् कविता सचनाको विषय प्रसंगको उल्लेख गरी त्यससँग सम्बन्धित विषयलाई साधारणीकरण र सामान्यीकरण गरेर सर्वप्रथक कविताको विषयलाई सामान्यकरण गर्नु आवश्यक हुन्छ ।

**कठिन शब्दार्थ शिक्षण**

कवितामा विशेष खालको प्रतीकात्मक र बिम्बात्मक भाषाको प्रयोग भएको हुन्छ । पाठ्यकवितामा रहेका कठिन शब्द र तिनको अर्थ नजानेमा विद्यार्थीहरूले कविताको लयवाचन गर्नमा कठिनाइ भोग्नुका साथै भावबोध गर्न पनि सक्दैनन् । त्यसैले कविता शिक्षण गर्दा सर्वप्रथम उनीहरूलाई शब्दार्थ शिक्षण गर्नु पर्दछ । यसका लागि शिक्षकले विद्यार्थीहरूलाई पाठमा रहेका कठिन शब्दहरू बताउन लगाउनु पर्छ र तिनलाई कालोपाटीमा टिप्दै जानु पर्छ । कठिन शब्दहरू टिपोट गरिसके पछि ती शब्दहरूको अर्थ विद्यार्थीलाई बताउन लगाउनु पर्छ । विद्यार्थीले नजानेमा शिक्षकले बताइदिनु पर्छ । शब्दको अर्थ बताउँदा विभिन्न कार्य गर्न सकिन्छ । विभिन्न प्रकारका शब्द जस्तोः विपरीतार्थक शब्द बताएर, परिभाषा दिएर, प्रतिमूर्ति देखाएर अर्थ बताउन सकिन्छ । शब्दको अर्थ विद्यार्थीले जानिसके पछि उनीहरूलाई यी शब्दहरूको वाक्यमा प्रयोग गर्न लगाउनु पर्छ विद्यार्थीहरूले वाक्यमा प्रयोग गर्न नसकेमा प्रयोग गरेर देखाइदिनु पर्छ । त्यस्तै अर्को वाक्य बनाउन लगानउनु पर्छ । शब्दार्थ शिक्षण गर्दा शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्तीको प्रयोग गरेमा शिक्षण अझ प्रभावकारी हुन्छ ।

**लयबोध**

कविता लयात्मक विधा हो । गद्य वा पद्य जुनसुकै शैलीमा लेखिए पनि कवितामा वाहृय वा आतरिक लयको प्रयोग भएको हुन्छ । कविताको लयबोध र लयवाचन सिकाउने कार्य त्यति सरल छैन । कतिपय सन्दर्भमा शिक्षक आफै पनि कविताको लयसँग परिचित नहुन सक्छन् । यसप्रति शिक्षक पूर्ण तयारी हुनु जरुरी हुन्छ । पाठ्य कविताको शब्दार्थ सम्बन्धी कठिनाइको निवारण गरिसके पछि लयवाचन क्रियाकलाप सञ्चालन गर्नुपर्छ । सुरुमा शिक्षकले आदर्शवाचन गर्नुपर्छ । यदि विद्यार्थी मध्येबाटै आदर्श वाचन गराउन सके राम्रो हुन्छ, त्यसपछि विद्यार्थीहरूलाई सामूहिक रूपमा अनुकरण वाचन गर्न लगाउनु पर्छ । यो क्रियाकलाप गराउँदा विद्यार्थीहरूले गति, यति मिलाए नमिलाएको शिक्षकले ख्याल गर्नुपर्छ । अनुकरण वाचन क्रियाकलाप गराइसके पछि उनीहरूलाई समूहगत वाचन गर्न लगाउनु पर्छ । समूहगत वाचन गराउँदा प्रत्येक बेन्चका विद्यार्थीहरूलाई पनि गराउन सकिन्छ भने कक्षाका सम्पूर्ण विद्यार्थीहरूलाई सामूहिक रूपमा पनि गराउन पनि सकिन्छ । समूहवाचन गराइसके पछि एकलवाचन गराउनु पर्छ । लयवाचन क्रियाकलाप पर्याप्त गराउनु उत्तम मानिन्छ । लय वाचनमा पटक पटको पुनरावृत्ति अनिवार्य मानिन्छ । लय जतिपटक पुनरावृत्ति गरायो त्यति ने लय निखारिदे जान्छ र यो कार्य सफल हुन्छ ।

**बोध प्रश्नोत्तर**

लयवाचन पश्चात् बोध प्रश्नोत्तर क्रियाकलाप गर्नु पर्दछ । लयवाचन गर्दा नै विद्यार्थीहरूलाई पाठ्य कविताका बारेमा सामान्य धारणा बसिसक्ने भएकाले उनीहरूलाई स-सना प्रश्न बनाउँदै सरल किसिमका प्रश्नहरू सोध्नु पर्दछ । सरल प्रश्नोत्तर पश्चात् कविताका श्लोकको भाव बताउन प्रेरित गर्नुपर्छ । यसो गर्दा उनीहरूमा परनिर्भरता घट्नुका साथै मौखिक सीपको विकास हुन्छ । साथै प्रश्नोत्तर कार्यले विद्यार्थीहरुमा भएको सङ्कोच, लाज डर पनि हटेर जान्छ । प्रश्नोत्तर कार्य गराउँदा विद्यार्थीले सही वा गलत उत्तर दिए पनि विद्यार्थीलाई प्रोसाहित गर्नु पर्छ जसका कारण विद्यार्थीले आफूलाई सकृय बनाउन सक्छ । प्रश्नोत्तर कार्य मूल्याङ्कन कार्य पनि हो । शिक्षकले यसलाई नै मूल्याङ्कनको मुख्य आधार बनाएर सिकाई कार्यलाई कति सम्म अगाडि बढाउने हो यसलाई बुझ्नु पर्छ ।

**भावबोध**

भाव कविताको मुख्य विषयसँग सम्बन्धित त्यसको मूल मर्म हो । विद्यार्थीलाई भाषा सिकाउनुका अतिरिक्त कविताको मूलभाव वा मुख्य सन्देश पनि सिकाउनु पर्ने हुन्छ । भावबोध कविता शिक्षणको महत्त्वपूण क्रियाकलाप हो । विद्यार्थीहरूलाई प्रश्नोत्तर गराइसके पछि कविताको भाव ठम्याउन प्रोत्साहित गर्नुपर्छ । यसो गर्दा निश्चित हरफहरू दिई त्यहाँ व्यक्त भएको

भाव बताउन लगाउनु पर्छ । विद्यार्थीहरूले भाव बताउन नसकेमा शिक्षकले नै बताइदिनु पर्छ । त्यसपछि विद्यार्थीहरूलाई अन्य हरफको भाव बताउन प्रोत्साहित गर्नुपर्छ । विद्यार्थीले स्पष्ट रूपमा भाव बताउन नसकेसम्म यो क्रियाकलाप गराइ रहनु पर्छ । यो क्रियाकलाप गारउँदा शिक्षक स्वयम्ले धेरैकुरा भन्नुको सट्टा विद्यार्थीहरूलाई नै सक्रिय बनाउनु पर्छ र सम्भव भएसम्म उपयुक्त चित्र, तस्वीर आदिको प्रदर्शन गर्दै भावलाई प्रस्ट पार्नुपर्छ । भावबोध गराउँदा विद्यार्थीरूलाई कविताका मुख्य-मुख्य श्लोकका पङ्ति गुच्छहरूको व्याख्या गर्न लगाउने र शिक्षकले आवश्यकताअनुसार व्याख्या गरिदिनाले विद्यार्थीहरुले सजिलै कविताको भावबोध गरी शिक्षण कार्य अझै प्रभावकारी हुन्छ ।

**कथनको शारांश लेखन**

कविता शिक्षणलाई प्रभावकारी बनाउन कविताको मूल कथ्यवस्तुलाई पहिचान गरी पाठ्य कविताका मुख्य मुख्य अंशलाई बुँदामा टिप्ने अध्यास गराउनु पर्छ । पाठ्य कविताका ती मुख्य-मुख्य बुँदाहरूलाई भन्न लगाउनु सारांश कथन हो भने ती बुँदाहरूलाई मिलाएर लेख्न लगाउनु शारांश लेखन हो । सारांश लेखन क्रियाकलाप गराउँदा सुरुमा विद्यार्थीहरूलाई पाठ्य कविताका बारेमा बताउन लगाउन पर्छ र पछि लेख्न लगाउनु पर्छ । यसो गर्दा विद्यार्थीहरूले केही कुरा छाडेमा शिक्षकहरूले सचेत गराइदिनु पर्छ । यस क्रियाकलापबाट बोलाइ पढाइ र लेखाइ सीपको विकास हुन्छ । यसबाट विशेष गरी कुनै पनि विषयवस्तुलाई सुनेर त्यसमा भएका मुख्य मुख्य विषयलाई बुँदामा लेख्न सक्ने सिपको विकास हुन्छ ।

## निष्कर्ष

साहित्यका विविध विधाहरु मध्ये कविता विधा सम्पन्न र सबैभन्दा प्रभावकारी विधा हो । यसमा सानो रचनादेखि वृहत् रचनासम्म अटाएको हुन्छ । श्रव्य पाठ्य र दृष्य पाठ्य दुई भेदहरूमध्ये कविता विधा श्रव्य पाठ्य भेदमा पर्दछ । भाव र लयको उचित संयोजनबाट कविता सिर्जना हुन्छ । यसमा कल्पना, बौद्धिकता आदिको पनि बेजोड मिश्रण रहेको हुन्छ । कवितालाई गद्य र पद्य गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । शास्त्रीय नियममा नबाँधिइकन लेखिएका कविता गद्य कविता हुन् भने पद्य कवितामा कठोर शास्त्रीय नियमको पालना गरिएको हुन्छ । भाषा शिक्षणका क्षेत्रमा कविता शिक्षणलाई एक महत्त्वपूर्ण विधाशिक्षणका रूपमा लिइएको पाइन्छ । विभिन्न तहमा कविता शिक्षण गर्दा मूलतः गति, यति र लय मिलाई सस्वर पठनको अभ्यास गराउने, शब्दोच्चारण, वाक्यगठन, शब्दभण्डारको वृद्धि रचना कौशलको विकास, विशिष्ट पंक्तिको व्याख्या, भावार्थ बताउन सक्ने क्षमताको विकास, भाषिक सीपको विकास कल्पना शक्तिको विकास गराउने उद्देश्य राखेर कविता शिक्षण गरान्छ । कविता शिक्षणका लागि विविध विधिहरू विकास भएका छन् तापनि विद्यालयतहमा विधिमा भन्दा कार्यकलापलाई जोड दिएर शिक्षण गर्नु उपयुक्त हुन्छ । कक्षा कार्यकलाप सञ्चालनमा स्वतः एउटा न एउटा विधि प्रयोग भएकै हुन्छ । कविता शिक्षण गर्दा सुरुमै विषयवस्तुमा प्रवेश गर्नु हुँदैन । विद्यार्थीलाई पाठ्य विषयवस्तुतर्फ आकर्षित गर्ने क्रियाकलाप पहिले गर्नुपर्छ । त्यसपछि शब्दार्थ सम्बन्धी कठिनाई निवारण गरी लयबोध गराउनु पर्दछ । लयबोध गराउँदा पहिले शिक्षक वा जान्ने विद्यार्थीद्वारा आर्दशवाचन गराउने त्यसपछि समूहवाचन र एकल वाचनसमेत गर्न लगाउनु पर्छ । लयबोध पश्चात् विद्यार्थीहरूलाई बोध प्रश्नोत्तर गराइसके पछि कविताको भावबोध तर्फ उत्प्रेरित गर्नुपर्दछ । सम्भव भएसम्म चित्र, तस्वीर आदिको समेत प्रदर्शन गर्नुपर्दछ । आवश्यक परे पटक पटक व्याख्या समेत गरी कविताको भाव स्पष्ट पारिदिनु पर्छ सकभर कविताको भाव आफै ठम्याउने वातावरणको सिर्जना गर्नुपर्छ । भाव स्पष्ट पार्ने खालका प्रश्नहरू दिई लेख्न समेत लगाउनु पर्छ । भावबोध गराइसके पछि सारांश कथन गराउने तथा कविताको सारांश लेखाउने क्रियाकलाप गराउनु पर्छ । यी क्रियाकलाप गराउँदा विद्यार्थीले मुख्य अंश छोडेमा शिक्षकले सचेत गराइदिनु पर्छ । यसरी भाषा शिक्षणका लागि कविता विधाको उपयोग गरी भाषा शिक्षणलाई सार्थक र उपलब्धीमूलक बनाउन सकिन्छ ।

## सन्दर्भ सूची

अधिकारी, हेमाङ्गराज र केदाप्रसाद शर्मा (२०५५), *नेपाल भाषा शिक्षण,* भक्तपुरः शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी ।
अधिकारी, हेमाङ्गराज (२०५७), *नेपाली भाषा शिक्षण,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।
उपाध्याय, केशवप्रसाद (२०५५) *साहित्य प्रदीप,* काठमाडौं : एकता प्रकाशन ।
ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७) *परिचयात्मक नेपाली शिक्षण,* काठमाडौंः एम.के पब्लिशर्स एन्ड डिष्ट्रिव्युटर्स ।
बन्धु, चूडामणि (२०५२), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौ.: रत्न पुस्तक भण्डार ।
भण्डारी, पारसमणि (२०६१), *नेपाली भाषा शिक्षण,* भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र सानोठिमी ।
रिमाल, डिल्लीराम (२०५३), *नेपाली शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।